म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३०७ २०८१ असोज १४ गते सोमबार 30 September 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

**रोगबाट बच्ने उपायहरू**

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्‍य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि

साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

### काठमाडौंमै रोकिए मुख्यमन्त्री लामा

## दुम्जामा रोकिएका मन्त्री लामिछाने हेटौंडा आइपुगे



बहादुर सिं लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा काठमाडौंमा रोकिनु भएको छ। बिहीबारदेखि निरन्तरको वर्षाका कारण सडक सञ्जाल ठप्प हुँदा मुख्यमन्त्री लामा काठमाडौंमै रोकिनुभएको हो ।

शनिबार पार्टीको कार्यक्रममा सहभागी हुन नुवाकोट पुग्नु भएका मुख्यमन्त्री लामा साँझ काठमाडौं फर्कनुभएको थियो । कांग्रेस नुवाकोटको आयोजनामा भएको कार्यक्रममा सहभागी भएर मुख्यमन्त्री लामा विपद्को घटना बढ्दै गएपछि काठमाडौं फर्कनुभएको थियो । शनिबार साँझ नै काठमाडौं फर्कनुभएका मुख्यमन्त्री लामाले जुमबाट मन्त्रिपरिषद् बैठक बसेर विपद् प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने, क्षतिको विवरण संकलन गर्ने, बन्द सडकहरु संचालनको व्यवस्था गर्ने लगायतका निर्णय गर्नुभएको थियो ।

हेटौंडा आउने तयारीमा रहनुभएका मुख्यमन्त्री लामा सडक सञ्जाल ठप्प हुँदा काठमाडौंमै नै रोकिनु भएको हो। सडकको अवस्था ठिक भएको खण्डमा आइतबार बिहान हेटौंडा फर्कने तयारी मुख्यमन्त्री लामाको थियो । तर, हेटौंडा-काठमाडौं जोड्ने सबै सडकहरु बाढी, पहिरोका कारण बन्द हुँदा मुख्यमन्त्री लामा काठमाडौंमै रोकिनुभएको हो ।

मुख्यमन्त्री लामासहित संस्कृति पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरी, सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, विना विभागीय मन्त्री मदुकुमार श्रेष्ठ, खानेपानी उर्जा तथा सिंचाई मन्त्री श्याम खड्का, भौतिक पूर्वाधार विकास मन्त्री अमन कुमार मास्के, स्वास्थ्य मन्त्री किरण थापा काठमाडौंमा रोकिनुभएको छ भने आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठ, श्रम रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन, वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल हेटौंडामै हुनुहुन्छ । युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन पीतृशोकका कारण गृहजिल्ला ललितपुरमा हुनुहुन्छ ।

उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङ छैमलेमा रोकिनुभएको छ । काठमाडौंको कार्यक्रम सकेर चित्लाङमा हुने मन्त्रालयको कार्यक्रममा सहभागी हुन त्यसतर्फ जाने क्रममा छैमलेको पहिरोले मन्त्री तामाङलाई रोकेको हो । हेटौंडा कुलेखानी सिस्नेरी दक्षिणकाली सडकमा पहिरो खस्दा शुक्रबारबाट मन्त्री तामाङसहित ५ जना छैमलेमा रोकिएका हुन् । पहिरोमा रोकिनुभएकी मन्त्री तामाङ होटेलमा बस्नुभएको थियो। उहाँ बस्नुभएको होटल नै पहिरोको जोखिममा परेपछि मन्त्री तामाङ स्थानीयको घरमा आश्रय लिएर बस्नुभएको छ ।

यता सिन्धुलीको दुम्जामा रोकिनु भएका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने हेटौंडा आइपुग्नुभएको छ । सिन्धुलीमा प्रहरी भवन उद्घाटनका लागि पुग्नुभएका मन्त्री लामाछाने पहिरोका कारण दुम्जामा रोकिनुभएको थियो। मन्त्री लामिछानेसहित ८ जनाको टोली दुम्जाको पहिरोले रोकिएको थियो । पहिरोमा रोकिनुभएका मन्त्री लामाछानेको टोली सिन्धुली हुँदै हेटौंडा आइपुगेको छ। वीपि राजमार्गमा खसेको पहिरो र बाढीका कारण धुलिखेल र सिन्धुली दुवै तर्फको सडक बन्द रहेकाले मन्त्री लामिछाने दुम्जामा नै रोकिनु भएको थियो। ४८ घण्टापछि वीपि राजमार्गको सिन्धुली तर्फको सडक संचालनमा आएपछि मन्त्री लामिछाने होटौं आइपुग्नुभएको हो ।

नागरिकहरु विपद्बाट प्रभावित भइरहेकाले प्रदेश सरकारले ठोस निर्णय गर्ने गरी मन्त्री लामिछानेलाई काठमाडौं झिकाउने तयारी मुख्यमन्त्री लामाल गर्नुभएको थियो । मुख्यमन्त्री लामाले आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले र आन्तरिक मामिला तथा कानुन मन्त्री सुरज चन्द्र लामिछानेलाई काठमाडौं बोलाउनुभएको छ। मन्त्री काफ्ले सिमराबाट हवाईमार्ग हुँदै काठमाडौं जानुभएको छ भने दुम्जामा रोकिनुभएका मन्त्री लामिछानेलाई हेलिकप्टरमा लाने तयारी गरिएपनि अनुकुल नहुँदा हेटौंडा फर्कनुभएको हो । मन्त्री लामिछाने बिना विपद्का कुनै पनि निर्णय हुन नसकने र प्रदेश सरकारले गर्ने निर्णयमा अर्थ र कानुन मन्त्रालय महत्वपूर्ण हुने भएकाले काठमाडौं झिकाउने तयारी गरिएको मुख्यमन्त्री लामाले बताउनुभएको छ

# बागमतीमा बाढी पहिरोका कारण १०४ जनाको मृत्यु



समाज संवाददाता

हेटौंडाः बिहिबारदेखिको अविरल वर्षाका कारण बाढी, पहिरो र डुबानमा परेका बागमती प्रदेशमा १०४ जनाको मृत्यु भएको छ । काठमाडौं उपत्यका बाहेकका जिल्लामा बाढी, पहिरो र डुबानमा परेर १०४ को मृत्यु हुँदा ७४ जना घाइते भएका छन् भने २२ जना हराइरहेका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको तथ्यांक अनुसार असोज ११ र १२ गतेको वर्षाका कारण आएको बाढी र पहिरोमा परेर धादिङ र काभ्रेमा सबैभन्दा बढी मानवीय क्षति भएको छ । बाढी पहिरोमा परेर धादिङमा ३९ र काभ्रेमा ३८ जनाको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । त्यस्तै बाढी पहिरोका कारण मकवानपुरमा ७, सिन्धुपाल्चोकमा १०, दोलखामा ५, सिन्धुलीमा २ जना, रामेछाप, चितवन र नुवाकोटमा १/१ जनाको मृत्यु भएको छ। रसुवामा मानवीय क्षति भएको छैन ।

बाढी पहिरोमा परेर सिन्धुपाल्चोकमा १६ जना घाइते हुँदा २ जनाको अवस्था अज्ञात रहेको छ भने दोलखामा २ जना घाइते हुँदा २ जना हराइरहेका छन् । काभ्रेमा घाइतेको संख्या ७ रहेको छ भने १८ जना वेपत्ता भएका छन्। नुवाकोटमा १ जना घाइते हुँदा धादिङमा घाइते ७ जना, मकवानपुरमा ३ जना घाइते भएका छन् । बाढी पहिरोको जोखिममा रहेका प्रदेशका ३२ घरका २४१ जनालाई सुरक्षित स्थानान्तरण गरिएको छ । प्रहरीका अनुसार चितवनमा ३ घरका १०० जना, रसुवाका ४ घरका १९ जना, सिन्धुपाल्चोकका ६ घरका ३० जना, दोलखामा एक घरका ७ जना, रामेछापमा ३ घरका १० जना र सिन्धुलीमा १५ घर का ७५ जनालाई सुरक्षित स्थानान्तरण गरिएको छ ।

बाढी पहिरोका कारण मकवानपुरमा ३६ घर पूर्णरुपमा क्षति भएको छ भने चितवनमा २, नुवाकोटमा ४, रसुवामा ५, काभ्रेमा २३, सिन्धुपाल्चोकमा ५, दोलखामा २, रामेछापमा २०, सिन्धुलीमा एक गरी ९८ घर पूर्णरुपमा क्षति भएको छ । नुवाकोटमा एक र सिन्धुलीमा २ घरमा बाढी पहिरोले आंशिक क्षति पुगेको छ । बाढीका कारण मकवानपुरमा एएटा पुल बगाएको छ भने सिन्धुपाल्चोकमा २ वटा सडक पुल, रामेछापमा ३ वटा सडक तथा पुल बगाएको छ भने मकवानपुरमा ५, धादिङमा ४, नुवाकोटमा १०, सिन्धुपाल्चोकमा ५ गरी २४ पशुचौपायाको मृत्यु भएको छ ।

प्रदेशमा बाढी पहिरो तथा डुवानमा घटना नियन्त्रण तथा उद्दार कार्यमा ४ हजार ११९ प्रहरी परिचालन गरिएको छ। प्रदेश प्रहरी कार्यालयका अनुसार बाढी पहिरो तथा डुबानका घटनामा खोजी, उद्दार तथा सुरक्षाका लागि मकवानपुरमा ५६९, चितवनमा ७५९ जना, धादिङमा ४०४ जना प्रहरी परिचालन गरिएको छ। त्यस्तै नुवाकोटमा ३५९, रसुवामा २०१, काभ्रेमा ५०४, सिन्धुपाल्चोकमा ३८५, दोलखामा २७१, रामेछापमा २८६, सिन्धुलीमा ३८१ प्रहरी परिचालन गरिएको छ ।

हार्दिक श्रद्धाञ्जली

मकवानपुर जिल्लाको
एन्फा एकेडेमी सिस्नेरी (बत्सला देवी)मा
अध्ययनरत विद्यार्थीहरू पहिरोमा परि ६ जना
को दुःखद निधन भएकोमा हामी मर्माहत
भएकाछौं। उक्त घटना साथै देशभर बाढी
पहिरोमा परि जीवन गुमाउने सबैमा हार्दिक
श्रद्धाञ्जली अर्पण गर्दछौ ।

Hetauda School of Management and Social Sciences

# मकवानपुर र सिन्धुली जोड्ने बागमती पुलको बाटो बनाएर आवागमन सुचारु



*पुलसँगै बागमती नदीले कटान गरेको क्षेत्रमा मर्मत गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर र सिन्धुली जोड्ने मदन भण्डारी लोकमार्ग (हेटौंडा-सिन्धुली-धरान-चतरा) सडकखण्ड सुचारु भएको छ । आइतबार बागमती गाउँपालिकाले सडकको खाल्डो पुरेर सडकखण्ड सुचारु भएको हो ।

शनिबार बिहान ११ बजेर ५० मिनेटको समयमा बागमती नदीले बागमती गाउँपालिका-४, पाँचपाण्डवस्थित पक्की पुलको दक्षिण-पश्चिमतर्फको भाग बगाएसँगै सडकखण्ड अवरुद्ध भएको थियो । शनिबार नदीले बगाएको भाग मर्मत गर्न नसकेपछि आइतबार बिहानबाटै गाउँपालिकाले सडक सञ्चालनका लागि कसरत गरेको थियो ।

गाउँपालिकाले आफ्नै स्रोत-साधन प्रयोग गरेर सडक मर्मत गरेको हो । सडक सुचारु भएसँगै आइतबार दिउँसोदेखि आवागमन सुरु भएको छ । बागमती-४ का वडाध्यक्ष दन्तलाल माझीले सडक निर्माणका ठेक्का पाएका कम्पनि र सडक विभागको लापरबाहीका कारण उक्त क्षेत्रको जनताले सधै सास्ती भोग्दै आइरहेको बताउनुभयो । बागमती नदीको पुलसँग जोडिएको दक्षिण-पश्चिमतर्फका करिब ३ सय मिटर सडक ड्यामसहित बलियोसँग निर्माण नगर्दा बाढीले क्षति पुऱ्याउने र बाढी वस्ती र खेतमा पसेर सधैं क्षति पुग्ने गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार शनिबार सडक भत्काएर बाढी बस्तीमा पस्दा घर, टहरा र धानखेतमा क्षति पुगेको छ ।

सम्पादकीय

# सावधान नहुँदा क्षति

मनसुन सक्रिय भई शुक्रबार र शनिबार परेको अविरल वर्षाका कारण राजधानी काठमाडौं जलमग्न भयो । बागमती र कोशी प्रदेशमा बाढी, पहिरो, डुबान तथा कटानका कारण व्यापक जनधनको क्षति भयो । असोज १० गते बिहीबारदेखि परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरोमा परेर मृत्यु हुनेको संख्या आइतबार साँझसम्म १७० पुगेको छ । गृह मन्त्रालयका अनुसार ४३ जना अझै बेपत्ता छन् । काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्रै ५२ जनाको मृत्यु भएको छ भने ९ जना बेपत्ता छन् । काठमाडौंको नागढुंगा नजिकै धादिङ जिल्लाको झ्याप्ले खोलामा मात्र बस तथा हाइसमाथि पहिरो खस्दा ३५ जनाको मृत्यु भएको छ । बाढी, पहिरोका कारण कोशी प्रदेशमा करिब डेढ दर्जन मानिसको मृत्यु भएको छ । मकवानपुरको सिस्नेरीमा बत्सलादेवी माविको एन्फा एकेडेमीमा प्रशिक्षण लिइरहेका ६ जना किशोर खेलाडीको पहिरोमा परेर मृत्यु भएको छ । बाढी, पहिरो प्रभावित र पीडितको संख्या हजारौं छ ।

अविरल वर्षाका कारण काठमाडौं उपत्यकाका सबैजसो खोला, नदी किनारका बस्ती तहसनहस भएका छन् । उपत्यकाका धेरै क्षेत्रका घरहरु डुबानमा परेका छन् । काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुरलगायत जिल्ला बाढी, पहिरोबाट बढी प्रभावित भएका छन् । बाढी तथा पहिरोकै कारण काठमाडौं उपत्यका जोड्ने सबै सडक सञ्जाल अवरुद्ध भएको छ । धेरै क्षेत्रका सडकहरु खोला तथा नदीले कटान गरेको छ भने दर्जनौं पुलहरु बगाएको छ । पहिरोले जताततै सडक अवरुद्ध भएको छ । बाढी, पहिरोले जलविद्युत् उत्पादन केन्द्रहरुमा पनि ठूलो क्षति पुगेको छ । यो अवधिमा १४ जिल्लाका २५ वटा वर्षा मापन केन्द्रमा "रेकर्ड ब्रेक" वर्षा भएको छ । ती केन्द्रहरुमा २४ घण्टा अवधिको वर्षाको पुरानो रेकर्ड तोडिएको हो । अविरल वर्षाका कारण सुनकोशी, तामाकोशी, दूधकोशी, नारायणी, बागमतीजस्ता ठूला नदी र यस क्षेत्रका सबैजसो खोलाको जलसतह निकै बढेको थियो । सप्तकोशी नदीमा अहिलेसम्मकै बढी पानीको बहाव भएपछि कोशी बाँधका ५६ वटै ढोका खोल्दा पनि पानी पुलमाथिबाट बगेको थियो ।

यस पटकको वर्षाको पूर्वअनुमान पहिले नै सार्वजनिक गरिएको थियो । जल तथा मौसम विज्ञान विभागले ७ असोजमै विशेष बुलेटिन जारी गरेर बिहीबारदेखि आइतबारसम्म देशभर अति भारीदेखि आरीघोप्टे पानी पर्ने बताएको थियो । ५६ जिल्लालाई रेड जोन अर्थात् अति जोखिम क्षेत्रमा राखेर उच्च सतर्कता अपनाउन भनिएको थियो । यो सूचना तीनै तहका सरकार, सुरक्षा संयन्त्रदेखि विपद् व्यवस्थापन हेर्ने निकायले पाएका थिए । अधिकांश सर्वसाधारणले पनि सूचना पाएका थिए । तर, सरकारी निकायदेखि सर्वसाधारणसमेतले यो पूर्वानुमानको सूचनालाई खासै महत्व दिएको पाइएन । सरकारले पुरानै कामचलाउ शैलीमा विपद्को तयारी गर्‍यो । सर्वसाधारणले पनि बेवास्ता गरेको देखियो । शुक्रबार बिहानदेखि काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा निरन्तर भारी वर्षा भएपछि सुरक्षा संयन्त्र सक्रिय भए पनि शनिबार बिहानसम्म सबैतिर क्षति भइसकेका कारण विपद् व्यवस्थापन सम्भव भएन ।

मुलुकमा हरेक वर्ष वर्षात्को समयमा सक्रिय हुने मनसुनका कारण बाढी, पहिरो, डुबान तथा कटानबाट धनजनको ठूलो क्षति हुने गरेको छ । सरकारसँग यस्ता विपद् व्यवस्थापनका लागि प्रभावकारी नीति तथा योजना नहुँदा वर्षेनि विपद्बाट हुने क्षति बढ्दै गएको छ । प्रकृतिलाई मानिसले आफू अनुकूल प्रयोग गर्न खोज्दा प्रकोपको अवस्था सिर्जना हुने गरेको छ । काठमाडौं उपत्यकालगायत धेरैजसो क्षेत्रमा भएको क्षतिको मुख्य कारण खोला तथा नदी क्षेत्र अतिक्रमणलाई मानिएको छ । अव्यवस्थित र अवैज्ञानिक मानवीय संरचना क्षतिको अर्को मुख्य कारण हो । यस्तै, पूर्वसूचना हुँदाहुँदै पनि आवश्यक तयारी गर्न नसक्ने सरकारको लाचारीपन र बेवास्ता गर्ने आम नागरिकका कारण पनि क्षति बढी भएको हो । प्राकृतिक घटनालाई मानिसले रोक्न नसके पनि यसबाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ । भारी वर्षा हुने जानकारी हुँदाहुँदै सतर्कता र सावधानी नअपनाउँदा र विपद्को आवश्यक तयारी नगर्दा अकल्पनीय क्षति हुन पुग्यो । अब विपद्बाट पीडित र प्रभावितका लागि उचित राहत र व्यवस्थापनमा सरकार गम्भीर बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : सट्टापट्टाका कामबाट फाइदा उठाउन सकिने छ । |
| वृष | : भविष्यप्रतिको सोच र चिन्तन हाबी हुने समय छ । |
| मिथुन | : सहयोगीको मद्धतले काम बन्ने समय छ । |
| कर्कट | : ऋणभार र खर्चवृद्धि हुने समय योग छ , । |
| सिंह | : मन हलुका र चङ्गा हुने समय योग छ । |
| कन्या | : हिम्मतका साथ चुनौती र तगाराहरु पन्छाइएला । |
| तुला | : मानसिक चिन्ता बढ्ने समय योग रहेको छ । |
| वृश्चिक | : पारिवारीक समस्यालाई सन्तुलनमा राख्ने योग छ । |
| धनु | : कार्यक्षेत्रका आधारमा सामान्य समय योग छ । |
| मकर | : मानसिक समस्याले सताउने समस्या योग छ । |
| कुम्भ | : व्यस्तता र दौडधूपमा समय बित्ने योग छ । |
| मीन | : खर्चको मात्रामा अचानक वृद्धि हुने समय छ । |

# धनको सदुपयोग र दसैं विज्ञान

**वास्तवमा धन भनेको साधन हो साध्य होइन, धनका लागि मानिस क्रूर बनेको छ आज, धनको प्रलोभनमा मानिस जे पनि गर्न तयार भएको छ, राज्यशक्तिले समेत सुशासन र अनुशासनलाई बिर्सेको छ ।**



अच्युतप्रसाद पौडेल 'चिन्तन'




पूर्वीय धर्मदर्शनको मूल मन्त्र नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ हो । यसले अनुशासनको पक्षमा जोड दिएको छ र यसैलाई अहिले सुशासनको नाम दिइएको छ, जसलाई धेरैले प्रयोग गरेको देखिन्न, नेतृत्वले त गरेकै देखिन्न । धन भनेको जीवनको साधन हो, यसको गलत प्रयोग गर्नु हुन्न ।

जुवा आदिका कारण सत्यवादी पाण्डवहरू पनि वनवासी भएका थिए, द्वापर युगमा । कलियुगमा त धनको अधिक मोह हुन्छ नै, त्यसैका लागि महालक्ष्मी, महाकाली र महासरस्वतीको उपासना पनि गरिन्छ । अरू बेला पनि गरिन्छ, दसैंतिहार मा अलि बढी नै गरिन्छ । व्यर्थ चिन्तन, व्यर्थ चेष्टामा प्रयोग भएको धनले मान्छेको मति बिग्रन्छ । महालक्ष्मीको अर्को नाम रुक्मिणी हो र उनले शुद्धमतिको गर्भबाट जन्म लिएकी हुन् । शुद्धमतिको अर्थ हुन्छ, विचारमा शुद्धता । विचार शुद्ध भएपछि कार्यशैली शुद्ध हुन्छ, मुहान शुद्ध भएपछि नदीका जल प्रवाहहरू शुद्ध हुन सक्छन् ।

दसैंको घटस्थापनामा सुरुमै महासरस्वतीको उपासना गरिन्छ, सरस्वती भन्नु ज्ञानको भण्डार हो । महालक्ष्मीको पनि उपासना गरिन्छ, यी धनकी प्रतीक हुन्, दसैं उपासनामा महाकालीको उपासना गरिन्छ, अर्थात् शक्तिसञ्चय र यसको सही प्रयोग । यी तीन नै अर्थक्षेत्रका विविध रूप हुन् । विकसित देशहरूले ज्ञानको सदुपयोग गरे, आर्थिक रूपान्तरण पनि गरे । ज्ञान मस्तिष्कको उपज हो, हाम्रो देश भनेको दैवी शक्तिको देश हो, गुरु राष्ट्र हो र विवेकको प्रयोग गर्न सिकाउने देवीहरूको शिक्षा अनि असत्यमाथि सत्यको विम्ब खोज्ने हाम्रो परम्परा हो, हाम्रा पुर्खाले यही गरे, हामी पनि गर्दै छौं, निरन्तर चलेको संस्कृति भत्काउन पनि असहज नै हुन्छ ।

हाम्रो पुर्खाले यसैमा विज्ञान देखे, विज्ञान मस्तिष्कको उपज हो, मस्तिष्क भने ईश्वरको उपज हो, यो हाम्रो विश्वास हो । विश्वासमै त अडेको छ यो ब्रह्माण्ड, भनौं संसार, हिजो विज्ञान नहुँदा पनि हाम्रो पुर्खा शान्त र अमनचयनसँग बाँचेकै हुन् । कृषि पेसामा लागेका आम नेपालीहरूमाझ शारदीय यी रात्रिहरूमा खेतमा धानका बालाहरू झुल्नु, पौरखी हातहरूको स्वरूप लक्ष्मीको पूजा हुनु, कृषि, गोरक्षा, कृषिकार्यमा सहयोगी गाई, गोरुहरूको विशेष सम्मान हुनु हाम्रो एउटा नौलो उदाहरण पनि हो आम विश्वसामु । अघि समुद्र मन्थनबाट धर्तीमा अवतरित भएकी लक्ष्मीका अनेकौं रूप छन् । जसमध्ये सबैलाई मोहित पार्ने मोहिनी पनि हुन् । सिर्जनामा उनको स्वरूप सरस्वतीको हुन्छ । अक्षय, सुख, ऐसआराम, ऐश्वर्यदेखि पालनकार्यमा उनको स्वरूप महालक्ष्मीको हुन्छ भने संसारको अन्त्य गर्दा उनको स्वरूप महाकालीको हुन्छ ।

लक्ष्मी भनौं धनको चर्चा गर्दा यिनको स्वरूप बुझ्नुपर्ने हुन्छ । यिनका मुख्य दुई रूप छन् । एउटा हो– भौतिक रूप, अर्को हो– आध्यात्मिक वा दैवी स्वरूप । भौतिक रूपमा मात्र हेर्दा लक्ष्मी केवल भोगकी साधनमात्र बन्न पुग्छिन् । दैवी र आध्यात्मिक रूपले हेर्दा लक्ष्मी योगकी साधन, उपयोगकी साधन पनि बन्न पुग्छिन् । उपभोगले मात्र हेर्दा लक्ष्मीको बाहन केवल लाटोकोसेरो मात्र बन्न पुग्छ । तर, उपयोगका रूपमा हेर्दा लक्ष्मी गरुडासनी बन्न पुग्छिन् । जहाँ लक्ष्मीको सेवा हुन्छ त्यहाँ नारायणको सेवा हुनु जरुरी छ । नारायणको वाहन गरुड चढेर आउने लक्ष्मीको स्वागत गर्दा जीवन सुखमय, शान्तिमय र कान्तिमय बन्न पुग्छ । धन केवल भोग साधना गर्ने वस्तु हो भनी यसको दुरुपयोग गरेमा लक्ष्मी प्रसन्न हुन्नन् र मान्छेको मति बिगारिदिन्छिन् । मति बिग्रेपछि गति पनि ठीक हुन्न, दुर्गतितिर उन्मुख व्यक्तिले शान्ति र कान्ति दुवै पाउँदैन । नारायणको अर्को नाम यश र कीर्ति पनि हो । त्यसैले यश र कीर्ति प्राप्तिका लागि नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ भनी नीतिकारहरूले भनेका हुन् ।

लक्ष्मी प्रसन्न राख्न सरसफाइका साथै उद्यमशीलता आवश्यक पर्छ । उद्यम, परिश्रम, मिहिनेत र निरन्तरको साधनाबाट लक्ष्मी खुसी हुन्छिन् । केवल पूजाले मात्रभन्दा पनि त्याग र समर्पणभाव, प्रेम र सद्भाव, सहिष्णुता र उपकार अनि दान र सामाजिक सेवामा, सार्वजनिक निर्माणमा, उद्यान, शौचालय, बाटाघाटा, मठमन्दिर, असहाय तथा दीनदुःखीको सेवामा लागेको धन पवित्र हुन्छ । आम्दानीको १० प्रतिशतमा आफ्नो हक, भोग अधिकार नरहने र त्यो आयलाई सार्वजनिक, सामाजिक सेवामा अर्पण गर्नुपर्ने हुन्छ । आनन्द प्राप्तिका लागि लक्ष्मीको आध्यात्मिक एवं दैवी स्वरूपलाई बुझ्नुपर्ने हुन्छ ।

चारित्रिक शुद्धता, अक्रोध, अवैरभाव, देवत्वको भाव, अप्रमाद र उद्योगमा लक्ष्मीको बास हुन्छ । धनको सदुपयोग, पदार्थको सदुपयोग, तत्वज्ञानको सदुपयोग, लज्जा, त्याग, शिष्टतामा लक्ष्मीको बास हुने हुँदा लक्ष्मी उपासना गर्ने साधकहरू सज्जन, शान्त, धीर, वीर हुन जरुरी छ । सन्त, साधुहरूको सेवामा पनि लक्ष्मी रहने कुरा शास्त्रहरूले पुष्टि गरेका छन् । भनिन्छ, लक्ष्मीका धेरै पाउमध्ये एक पाउ उत्पादनमा, उब्जाउमा रहेको हुन्छ । पृथ्वी जसलाई धरा भनिन्छ, धराको प्राकृतिक स्रोतसाधनमा लक्ष्मीको एक पाउ छ । लक्ष्मीको अर्को पाउ प्रकृतिको रसादि तत्वमा छ, जसले शुद्ध तत्वलाई सिञ्चन गरी पोषण दिन्छ । जलमा रहेकी लक्ष्मीलाई विज्ञानले विद्युतीकरणसमेत गरेर हराभरा बनाएको छ ।

उद्योग, कलकारखाना र मानव जीवनदेखि यन्त्र साधनसमेत सजिलो बनेको छ । वृक्ष, वनस्पतिको हरियालीका लागि लटरम्म फलफूलको सिर्जनामा सहायकसिद्ध भएकी लक्ष्मीको अर्को पाउ तापशक्ति अग्निमा रहेको छ । वेदका मन्त्रले अग्निको स्तुति वन्दना गरेको छ । बाहिर देखिएको ताप शक्ति, सौर्य ऊर्जादेखि मानव हृदयभित्रको जठराग्निसमेतमा रहेर आफ्नै शक्तिद्वारा प्रदत्त पदार्थको पाचन गराउने कार्य जीवात्माको हृदयभित्र बसेर उनै लक्ष्मीले आफ्नो कार्य सञ्चालन गरिरहेकी हुन्छिन् ।

लक्ष्मीको अर्को पाउ बसेको छ, सत्यमा, साधुका हृदयमा, सत्यवादितामा, सरसतामा, मधुरवाणीमा, आशीर्वादमा, मीठो मुस्कानमा, प्रिय र सत्य बोली, आचरण र तप, मनको शुद्धता र सात्विक आहारविहारमा लक्ष्मीको पाउ अडेको हुन्छ । यसर्थ, तपस्वी, साधु, सन्त केवल भेषको कारण होइन, आचरण पवित्रतामा हुनुपर्ने र तिनको आशीर्वादमा लक्ष्मीको आगमन हुने हुनाले कीर्ति, बुद्धिका साथै विवेक, संयम, आत्मसंयमी आदि व्यक्तिमा यस्ती लक्ष्मीको निवासस्थान रहेको हुन्छ । महाभारत भीष्मपर्व, शान्तिपर्व र पद्मपुराण आदिमा लक्ष्मीको प्रशस्त चर्चा भएको छ । वेद, पुराणहरू हाम्रा धरोहर हुन्, नासाका वैज्ञानिक अहिले संस्कृत शब्दको खोजी गर्दै वेदको विज्ञान प्रयोग गर्दैछन् ।

दसैंको पहिलो दिन घटस्थापना गरिन्छ, शरीर एक घडा नै हो, पहिलो तिथि प्रतिपदाले जीवनको १० वर्षको संकेत गर्छ, जीवनीको संस्थापन, थालनी, जौ, मकै रोपेझैं बीज रोपण र अंकुर हुर्कने समय, बाल्यजीवन शैलपुत्रीको उपासना । द्वितीया, दोस्रो दिन जीवनका दुई दशक, शिक्षा, सीप आर्जन, तेस्रो दिन तृतीया, चन्द्रघण्टाको उपासना, भनौं घण्टाको आवाजझैं विद्या र सीपको प्रयोग, उपयोग, प्रचार जीवनको तीन दशक । चौथो दिन कुष्माण्डा देवीको उपासना, कुत्सित अन्डारूपी पेटकै समस्या, चार दशकसम्म जोतिएर काम गर्नुपर्ने, अथक परिश्रम, परिवारको भरणपोषण, बचतको पनि चिन्ता, बन्द व्यापार, लगानीको चिन्ता, चार दशकको उमेरसम्म आर्थिक समुन्नतिको प्रयास, हरतरहको प्रयास गरिरहन्छ मानवले । पाँचौं दिन स्कन्दमाताको उपासना, जीवनको पाँच दशकपछि मातापिताप्रतिको बढी सम्झना, आफ्नै सन्तानले पनि हैरानी कष्ट दिन थालेपछि मातृशक्ति स्कन्दमाताको गुहार, अनेकौं प्रयत्न गरिन्छ, परमेश्वरको चाहना पनि यतिबेलैदेखि अलि बढी हुन्छ जीवनमा ।

छैटौं दिन साठीको दशक, व्यवहारबाट निराश भई कात्यायनीको उपासना गर्न थाल्छ मानिस र कात्यायनी महामाये भवानी भुवनेश्वरी, संसार सागरे मग्नं मामुद्धर कृपामहे भन्न थाल्छ । अर्थात् संसार सागरमा फसेको छु, परिवार र भोगविलास र जन्जालमा, यसबाट उद्धार गर भन्दै आर्तपुकार गर्न थाल्छ, पश्चात्तापको भुमरीमा पर्दै । सप्तमी कालरात्रिको उपासना गरेर जीवनको सात दशकमा आफू रोगग्रस्त भई कालपाशमा पर्न लाग्दा आफ्नो सट्टा अबोध पशुपन्छीलाई भोग दिँदै मन्दिर मन्दिर धाउन थाल्छ मान्छे ।

महागौरी बालसुलभ गौरीको नाम हो, अष्टमी, आठौं दिन महागौरीको उपासना गर्दै मानवले बालभावको व्यवहार गर्न थाल्छ, जीवन पूरै थाकिसकेकाले अब उसले बचपनको व्यवहार देखाउन थाल्छ, अबोध बालकजस्तै । नवमी नवौं दिन, जीवनको नब्बेको दशक सिद्धिप्राप्तिको चाहना राख्दै सिद्धिदाताको उपासना गर्न थाल्छ, नौ दुर्गा सिद्धिदात्री नाम हो देवीको । कलिको पूर्णायु एक सय वर्षको छ र जीवनको शतआयु दशमी, एकसय वर्षको पूर्णता, अब विजयादशमीको दिन विजया र अपराजिताको उपासना गर्छ । यसको अर्थ हुन्छ आफ्नो विजय र अरूबाट अपराजित । अब ऊ अरूलाई टीका, जमरा, विजय, हर्ष र उल्लासको आशीर्वाद दिन सुरु गर्छ ।

शक्ति उपासनामा खरो उत्रेकाले मात्रै देवी उपासना राम्ररी गर्नेसँग मात्रै जमरा, रातो अक्षता, टीका वितरण गर्ने सामर्थ्य हुन्छ, आशीर्वचनको योग्यता प्राप्त हुन्छ, विधि विज्ञानबिना नै आशीर्वाद दिन तम्सिनु भनेको अपरिपक्वता हो, जसले सिद्धि प्राप्त गरेको हुन्छ, त्यस्तो अग्रज र उपासकलाई नै आशीर्वाद दिने क्षमता हुन्छ । आयुद्रोणसुते श्रियो दशरथे, शत्रुक्षयो राघवे, ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने, शौर्यं शान्तनवे बलं हलधरे सत्यं च कुन्तीसुते, विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे । यो अशीर्वाद मन्त्रले ब्रह्माण्डीय क्षमताको संकेत गरेको छ, सत्य, त्रेता, द्वापरसमेत तीन युगको सामर्थ्य प्रस्तुत गरेको छ ।

विज्ञानका विदुर, बलका हलधर भनौं बलराम, सत्यका कुन्तीपुत्रहरू द्वापरका हुन् । शत्रुविजय गर्ने सामर्थ्य भएका राघव श्री र यशका दशरथ त्रेतायुगका हुन्, कीर्तिका नारायण सत्ययुगका हुन् । यसमा यति धेरै शक्ति दिन खोजिएको छ कि सारा जनले विज्ञानको सदुपयोग गर्न सकून्, जानून् र शक्ति र धनको सदुपयोग गर्न सकून् । मानिसको उषाकाल सत्ययुग हो र हरेक बिहानी मानिसको सत्ययुग हो पहिलो चरण, त्यसैले उपासना पूजाहरू प्रायः बिहानै गरिन्छ, ज्ञान, सीप, शिक्षा आर्जनको समय मानिसको त्रेता युग हो, जीवनको दोस्रो चरण ।

प्राप्त ज्ञानको उपयोगको समय तेस्रो चरण हो, द्वापरयुग हो दिउँसोको समय र हरेक रात्रि मानिसको कलियुग हो, कलिमा कलह बढी हुन्छ र धनको दुरुपयोग पनि बढी नै हुन्छ । वास्तवमा धन भनेको साधन हो साध्य होइन, धनका लागि मानिस क्रूर बनेको छ आज, धनको प्रलोभनमा मानिस जे पनि गर्न तयार भएको छ, राज्यशक्तिले समेत सुशासन र अनुशासनलाई बिर्सेको छ । आज सार्वजनिक संयन्त्रहरूमा बेरुजुको चाङ बढेको छ, भ्रष्टाचारका काण्ड यत्रतत्र छरपस्ट छन्, मानिसले पैसाका लागि आफू अन्धो हुन तयार भएको छ, कुरूप हुन तयार भएको छ, धनको अर्थलाई अनर्थ गरिराखेको छ । हरेक वर्ष दसैं आउँछ, विज्ञापनमा शुभकामना धेरै आउँछन् तर शुभकाम बहुतै कम आउने गरेको छ ।

जो जागा हुन्छ, सचेत हुन्छ, जाँगर गर्छ, मिहिनेती हुन्छ उसकै हातमा धनको वर्षा पनि हुन्छ, परिश्रमी हातामा कुवेर बसेका हुन्छन्, कुवेर धनका प्रतीक हुन् र त दसैं बिदाइको क्रममा पूर्णिमा १५ दिनपछि कोजाग्रत महालक्ष्मीकै उपासना गरिन्छ । कोको जागा छन् भन्ने अर्थमा पृथ्वीतलमा महालक्ष्मी घुम्दै धनको वर्षा गराउँछिन्, भन्नुको विज्ञान के हो भने मान्छे हरदम जाँगरिलो हुन जरुरी छ, सक्रिय हुन जरुरी छ, जीउमा पसिना र हातमा ठेला नउठाईकन धनी हुन खोज्नु भनेको आफैंप्रति विश्वास नहुनु हो, लक्ष्मीप्रति विश्वास नहुनु हो र त विदेशमा कति खटेर काम हुन्छ, कसैलाई फुर्सदै हुन्न, अल्छीसँग त लक्ष्मी प्रसन्न नै हुन्नन् । *(स्रोतः कारोबारदैनिक)*

# मनहरीमा शिक्षा योजना निर्माणको तयारी

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा शिक्षा योजना निर्माणको तयारी भएको छ । आइतबार पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षा योजना निर्माणका लागि सरोकारवालाहरुसँग छलफल तथा कार्यदलको सुझाव प्रस्तुतिकरण गरेको हो ।

शिक्षा योजना निर्माणका पालिकाले काम अघि बढाएको शिक्षा शाखा प्रमुख प्रदीप पराजुलीले जानकारी दिनुभयो । पालिकाले ५ वर्षे शिक्षा योजना निर्माण गर्ने प्रयास गरेको उहाँले बताउनुभयो ।

गत भदौ २६ गते शिक्षा योजना निर्माणका लागि पहिलो चरणको अभिमुखीकरण कार्यक्रम आयोजना गरेकोमा आइतबार दोस्रो चरणको कार्यक्रम गरेर १५ वटा कार्यदलको समिति निर्माण गरेको उहाँले बताउनुभयो । कार्यक्रममा १५ वटा कार्य दलले करिब १५ मिनेटसम्म शिक्षासम्बन्धी सुझाव दिएको उहाँले बताउनुभयो । सामाजिक विकास समितिका संयोजक अनन्तप्रकाश अर्यालको सभाध्यक्षतामा शिक्षा योजना निर्माणसम्बन्धीको दोस्रो चरणको कार्यक्रम भएको हो ।

कार्यक्रममा बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षाको बारेमा प्रस्तुतिकरण गरिएको उहाँले बताउनुभएको छ । पहिलो चरणको कार्यक्रमबाट १५ दलीय समितिको निर्माण भएको उहाँले बताउनुभयो । कार्यक्रममा गाउँपालिकाका वडाध्यक्षहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रतिनिधिहरु, शिक्षा समितिका पदाधिकारी, विद्यार्थी, शिक्षक र विभिन्न विद्यालयका प्रधानाध्यापकको उपस्थिति रहेको थियो ।

# उद्दार तथा राहत कार्यमा खटिन सभापति बानियाँको अपिल

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले नेता कार्यकर्ताहरुलाई विपद् प्रभावित क्षेत्रमा पुगेर उद्दार र राहत कार्यमा खट्न अपिल गर्नुभएको छ । आइतबार एक विज्ञप्ति जारी गर्नुहुँदै सभापति बानियाँले उक्त क्षेत्रमा खटेर सहयोग गर्न नेता कार्यकर्तालाई अपिल गर्नुभएको हो ।

सभापति बानियाँले पार्टीका विभिन्न तहका जिम्मेवार व्यक्तिहरु, भातृ संगठनका पदाधिकारी र सदस्यहलाई उद्दार तथा राहतमा खटिएका तीनै तहका सरकारी संयन्त्रलाई विशेष सहयोग गर्न भनिएको छ । उहाँले बाढी, पहिरो तथा डुबानमा परेका र पर्नसक्ने थप जोखिम क्षेत्रको पहिचान गर्दै सुरक्षित क्षेत्रमा स्थानान्तरण गराउने कार्यमा यथाशीघ्र खटिन नेता कार्यकर्तालाई आग्रह गर्नुभएको छ । उहाँले तीनै तहका सरकारलाई पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउन, सम्पर्क विहिनहरुको खोजी तीव्र बनाउन तथा घाइतेहरुको यथाशिघ्र उपचारको व्यवस्था गर्न आग्रह गर्नुभएको छ । उहाँले बिग्रिएका सडक सञ्जाल मर्मत गरी नागरिकले सहज आवतजावत गर्नसक्ने व्यवस्था मिलाउन आग्रह पनि गर्नुभयो ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# चित्लाङ चन्द्रागिरी एकतर्फी संचालन

समाज संवाददाता

हेटौंडाः चित्लाङ चन्द्रागिरी काठमाडौं सडक एकतर्फी सुचारु भएको छ । पहिरोले अवरुद्ध भएको उक्त सडक आइतबार साँझदेखि एकतर्फी रुपमा सुचारु भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार सो सडक खण्ड खण्डकको पहिरो पन्छाएसँगै सडक एकतर्फी संचालनमा ल्याइएको हो । बिहीबारदेखि अविरल परेको वर्षाका कारण सो सडक खण्ड अन्तर्गतको विभिन्न स्थानमा पहिरो खसेर सवारी आवागमन ठप्प भएको थियो । हेटौंडाबाट त्रिभुवन राजपथ हुँदै पालुङ बज्रबाराही चित्लाङ चन्द्रागिरी काठमाडौं यात्रा गर्न सकिने जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । यससँगै हेटौंडा काठमाडौं सडक सञ्जाल सम्पर्क जोडिएको छ ।

## Admission Open !!!

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

हेटौंडा- सिटि कलेज (जेनिथ मावि)

हेटौंडा-५, पिप्ले

## बागमती प्रदेश
## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सूचना

नेपाल सरकार, जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मिति २०८१/०६/०९ गते जारी गरेको सूचनानुसार देशभर रहेको मौसमी वायूका प्रभावको कारण मिति २०८१/०६/१० (बिहिबार) देखि २०८१/०६/१३ (आइतबार) सम्म बागमती प्रदेशका धेरै स्थानहरुमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको र मिति २०८१/०६/१० (बिहिबार) देखि २०८१/०६/१३ (आइतबार) सम्मका लागि मनसुनी वर्षाको जिल्लागत जोखिमको विवरण अनुसार बागमती प्रदेशका दोलखा जिल्ला मध्यम जोखिम र अन्य १२ जिल्ला उच्च जोखिममा रहेका पूर्वानुमानअनुसार ठूलो जनधनको क्षति भइसकेको छ । वर्षाका कारण कृषि क्षेत्रमा समेत ठूलो प्रभाव पारेको छ । यस अवधिमा आमकृषक माझ यो सूचना जारी गरिएको छ ।


१. पानी परेको समयमा रासायनिक/प्राङ्गारिक मलको प्रयोग गर्दा मल बगेर जाने हुँदा यो समयमा रसायनिक/प्राङ्गारिक मलको प्रयोग नगर्ने । साथै, विषादीको पनि प्रयोग नगर्ने ।
२. धान खेत, तरकारी बारी तथा फलफूल वगैंचामा विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्ने ।
३. पानी परेको समयमा धान नकाट्ने र मौसम सफा भई पानी पर्न रोकेको ३-४ दिनपछि मात्र धान काट्ने । उपलब्ध भएसम्म मेसिनहरु प्रयोग गरी धान काट्ने र खेतमा नछोडी भित्र्याउने ।
४. हावाहुरीबाट लडेको धानको बालालाई सक्दो चाँडै काटेर, थ्रेश गरी दाना सुकाई भण्डारण गर्ने र भिजेको धानलाई उसिना चामल बनाउने वा चिउरा, भुजामा प्रयोग गर्ने ।
५. वर्षा नरोकिँदासम्म तरकारीको नर्सरी व्याड नराख्ने । यदि राखेको भए पानी निकासको उचित व्यवस्था गर्नुका साथै प्लाष्टिकले ढाक्ने ।
६. पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाउँमा भण्डारण गर्ने । चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण भई पशुवस्तुको पाचनक्रियामा समस्या आउनुका साथै विष उत्पन भई पशुवस्तुमा क्षति पुग्न सक्दछ । त्यसैगरी भण्डारण गरिएको घाँस/परालमा ढुसीको संक्रमण हुनसक्ने भएकोले बेला-बेलामा निरीक्षण गर्ने ।
७. माछापोखरीमा धमिलो पानी मिसिन नदिने । माछापोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई पानी निकासको उचित व्यवस्था मिलाउने ।
८. वर्षातको समयमा तापक्रम र आद्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul Brood Disease) लाग्ने सम्भावना भएकोले मौरी घारको नियमित अनुगमन गर्ने र मौरीलाई खाना कम भएको अवस्थामा चिनी चास्नी बनाएर खुवाउने ।

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## हिउँको मूर्ति

(पुस्तक समीक्षा)



श्रेयस राई

लेखक परिचयः साठ्ठीको दशकदेखि बालसाहित्य सिर्जनामा निरन्तर समर्पित विष्णुकुमार मूलतः बाल अभिरुचिलाई विशेष ध्यान दिई कलम चलाउने एक सचेत लेखक हुन् । लेखकका हालसम्म कथा, चित्रकथा, नाटक र जीवनी गरी झन्डै आठ दर्जन बाल पुस्तक प्रकाशित छन् ।

पुस्तक परिचयः यो पुस्तक सानो र पातलो छ । यस पुस्तकको गातामा हिउँ परिरहेको र दुईजना केटीले हिउँको मूर्ति बनाइरहेको चित्र छ । मूल्य १०० रुपैयाँ पर्ने यस पुस्तकको प्रकाशन इन्डिगो प्रकाशन प्रालीले गरेको हो ।

मुख्य कथाः जाडो मौसम थियो । रातभर हिउँ परिरहेको थियो । मितु र नितु बिहान उठ्ने बित्तिकै बगैंचामा गए हिउँ देखेर खुसी भए । उनीहरु दुबैले हिउँ जम्मा पारेर हिउँबाटै बनेको सुन्दर मूर्ति बनाए । मूर्तिमा आँखा, नाक, कान बनाउँदै हिउँको मूर्तिलाई गलबन्दी र बाक्लो ज्याकेट पनि लगाइदिए । भान्साबाट आमाले एकैछिनमा खाना खान बोलाउनुभयो । खाना खाएर पुन मूर्ति बनाएको ठाउँमा जाँदा त्यहाँ मूर्ति थिएन । घाम झलमल्ल लागेकाले हिउँको मूर्तिलाई घामले पगालेर जमिनमा मिसाइसकेको थियो ।

परिवेशः यस कथामा हिउँ परेको वातावरण नितु र मितुको घर-घर वरिपरिको बगैंचा देखाइएको छ ।

मुख्य सन्देशः-यस कथाले हामीले बनाएका र हामीले रुचाएका हरेक वस्तुहरू सधैंभरीका लागि रहँदैनन् । उनीहरूको समय आएपछि ती वस्तुहरू मासिन्छन् वा हराएर जान्छन् । नासिने वस्तुहरूमा हामीले चित्त दुखाई गर्नु हुँदैन ।

भाषाशैलीः यस कथामा प्रयोग भएको शब्दहरू सजिलो र पढ्दा बुझ्न सकिने खालको छ ।

शीर्षक सार्थकताः यस कथाले दिएको शीर्षक र पुस्तकभित्रको हिउँको कथा मिल्दो छ । *कक्षा-५*

## हाम्रो आवाज

(पुस्तक समीक्षा)



सम्राट यादव

लेखक परिचयः हाम्रो आवाजका लेखक विजयराज आचार्यको जन्म विक्रम सम्वत २०३३ साल माघ ९ गते भएको हो । उहाँको जन्मस्थान प्युठान जिल्ला हो । उहाँको बुबाको नाम पिताम्बर आचार्य र आमाको नाम मनकला आचार्य हो । उहाँको बालबालिकाहरूका लागि थुप्रै बाल उपन्यासहरू, कथाहरू प्रकाशन भइसकेका छन् । लेखक आचार्य राप्ती साहित्य परिषद्बाट पुरस्कृत हुनुभएको छ ।

पुस्तक परिचयः यो हाम्रो आवाज पुस्तक पहिलो र दोस्रो गरी दुईपटक प्रकाशन भएको छ । पहिलोपटक २०६१ साल र दोस्रोपटक २०६३ सालमा प्रकाशन भएको यस पुस्तकको मूल्य ३० रुपैयाँ रहेको छ ।

विषयवस्तुः यस कथामा लेखकले सडक बालबालिकाहरूको दुःख, पीडा र भोगाइका बारे उल्लेख गर्नुभएको छ । यसमा बालबालिकाहरू कसरी सडकको बास बस्न पुग्छन् भन्ने बारेमा चित्रण गर्नुभएको छ । बाबुआमा नभएका बालक सडकमा आइपुगेको कथा यस उपन्यासले आफ्नो विषय बनाएको छ । यस कथामा पासाङका आमाबुबा भारी बोक्ने कुल्ली काम गर्ने हुन्छन् । एक दिन भारी बोक्दा भोग्दै आमाको पेट दुखेर मृत्यु हुन्छ । र पासाङलाई बुबाले हुर्काउन थाल्छन् । पासाङलाई राम्रो शिक्षा दिने भनेर वचन दिएको एउटा नेताको होटलमा लगेर छोडिदिनुहुन्छ । नेताले म पढाइ दिन्छु भनेको हुन्छ । यही विश्वासमा परेर पासाङको बुबा पैसा कमाउन आफ्नै काममा फर्किन्छन् ।

धेरै समय बित्दा पनि पासाङको बुबा पासाङलाई भेट्न आउँदैनन् । यता होटलवालाले भने पासाङलाई गाली गर्ने, पिट्ने, होटलका सबै काम लगाउने, खान पनि उचित खाना नदिने जस्ता व्यवहार गरेर दुःख दिन्छन् । पासाङ सानो भएका कारण यति धेरै काम गर्नुपर्दा बिरामी हुन्छ । होटलभित्रको काम गर्न नसकी पासाङ त्यहाँबाट भागेर सडकमा दिन बिताउँदै आएका केटाकेटीका साथमा पुग्छन् । सडकका बालबालिकाका पनि आआफ्नै पीडा हुँदा रहेछन् । ती बालबालिकामध्ये पनि अलि ठूला भएकाहरुले उनीहरूलाई माग्न पठाउने चोर्न पठाउने र उनीहरूले लिएर आएका पैसा वा सामानहरु खोसिदिने गर्दा रहेछन् । शिक्षा स्वास्थ्य र ममताबाट टाढा भएका यस्ता केटाकेटीहरु गलत काममा लाग्दा रहेछन् । ती सडक बालबालिकाको साथमा पुगेपछि पासाङले पनि यस्तै गलत कामहरू गर्ने र लागूऔषध ओसारपसार गर्ने काम गर्न थाल्छ ।

पात्रहरूः यस कथाको मुख्य पात्रको भूमिकामा पासाङ दोर्जे छन् । होटलका साहु, साहुनी, मास्टर काका, डिएसपी साब, सडकका बालबालिका यी सबै कथालाई डोऱ्याउने पात्रहरू हुन् । यी पात्रहरूमध्ये पनि पासाङ दोर्जे यस कथाको सुरुदेखि अन्तिमसम्म उपन्यासलाई बुन्दै लैजाने प्रमुख पात्र हो । गरिबले सताएको यो पात्रले जीवनमा आफूभन्दा पनि गरिब बालपात्रहरुलाई आफ्नो साथी बनाएको छ । उचित माया र सही संस्कार, शिक्षा, सरसल्लाह पाउन नसकेका कारण दोर्जे पात्र खराब पात्रको रुपमा देखा परेको छ ।

वातावरणः यस कथाले गरिब परिवारले भोग्दै आएको चरम आर्थिक शुन्यताको अवस्थालाई देखाएको छ । अभिभावकविहीन बनेर सडक जीवन जिउन बाध्य भएका पात्रहरुको बाध्यताको अवस्थालाई देखाएको छ । भारी बोकेर जीवन धान्दै आएको एउटा दुखियाको जीवनको वातावरणलाई यसले चित्रित गरेको छ । ठूला नेताका ठूला होटल होटलमा काम गर्ने बाल मजदुर, सडकका बालबालिकाले बाध्यताले वा जीवन बाँच्ने अभिलाषाले गर्दै आएको लागू पदार्थको सेवन र त्यसको बेचबिखन को वातावरणलाई यस उपन्यासले आफ्नो परिवेश बनाएको छ ।

मुख्य सन्देशः यस कथाको मुख्य सन्देश नै सडक बालबालिकाहरुको संरक्षण हो । यस उपन्यासमा सडक बालबालिकाहरुले सडक जीवनमा आफ्नो दिनचर्या कसरी बिताउँछन् भन्ने बारे वर्णन गरिएको छ । यो सडक जीवनमा दुःखको भुमरी मात्रै रहेको कुरा देखाइएको छ जीवनको यथार्थ चित्रण गरेको यस उपन्यासमा बालबालिकाहरुलाई कसरी संरक्षण गर्न सकिन्छ ? उचित माया र हेरचाह नपुग्दा बालबालिकाहरु कसरी खेर गइरहेका छन् र गलत काममा प्रयोग भइरहेका छन् भन्ने सन्देश देखाइएको छ । र हामी सबैलाई त्यस्ता बालबालिकाहरूलाई उचित संरक्षण गर्ने व्यक्ति र निकायहरूको खाँचो रहेको कुरा यस उपन्यासले देखाएको छ ।

भाषाशैलीः-यस कथामा प्रयोग भएका शब्द हरू सजिलै बुझिने खालका छन् । सरल शब्दशैलीमा प्रस्तुत भएको यो उपन्यासले जो कोही पाठकलाई पनि सोचमग्न बनाउँछ ।

शीर्षक सार्थकताः यस कथाले वर्णन गरिएको विषयवस्तु र शीर्षक मेल खाए पनि वास्तवमा यसको शीर्षक बालबालिकाको सडक जीवन राख्दा अझै सान्दर्भिक हुन्छ जस्तो लाग्छ ।

पाठकीय प्रतिक्रियाः-यो पुस्तक पढ्दा म धेरै भावुक भएँ । मैले यो पुस्तकमा भएको पात्रलाई आफै भएको पाएँ । मैले बिताएको जीवन र सडक बालबालिकाले बिताएको जीवन बीच आकाश जमिनको फरक पाउँदा मलाई कताकता ती बालबालिकादेखि दया लागेर आयो । उनीहरूलाई पनि उचित बस्नको व्यवस्था, पोषणयुक्त खानाको व्यवस्था, संरक्षकको माया र ममता, शिक्षा र स्वास्थ्यको सुविधा दिने हो भने पक्कै पनि ती बालबालिकाहरू पनि हामी आम बालबालिका जस्तै देशकै कर्णधार हुने थिए । बाल अधिकारका विषयमा जति पनि सवालहरू उठ्छन् ती विषयहरूले त्यस्ता बालबालिकाहरूलाई कहिँ कतै पनि सम्बोधन गरिएको पाइँदैन । बालबालिकाका संरक्षणका निम्ति स्थापना भएका विभिन्न संघसंस्थाहरू पनि त्यस्ता बालबालिकाहरूलाई देखाएर आर्थिक फाइदा लिने काम मात्रै गर्दछन् । त्यसैले कोही कसैले पनि त्यस्ता सडक बालबालिकाका निम्ति स्वार्थरहित व्यवहार गरेको देखिँदैन । मैले जसरी हरेक सुविधाहरु पाएको छु । त्यस्तैगरी नै ती सडक बालबालिकाले पनि मैले जत्तिकै सुविधा पाउनुपर्छ ।

*कक्षा-५*

# तेक्वान्दो प्रतियोगितामा सहभागी हुन मकवानपुरे खेलाडीहरु बंगलादेश प्रस्थान



समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय स्तरको तेक्वान्दो प्रतियोगितामा सहभागी हुने मकवानपुरका खेलाडीहरु बंगलादेश प्रस्थान गरेका छन् । आइतबार बागमती प्रदेश खेलकुद विकास परिषद्ले खेलाडीहरुको बिदाइ गरेको हो ।

बंगलादेशको राजधानी ढाकामा अक्टोवर १ तारिखदेखि ४ तारिखसम्म हुन लागेको प्रथम साउथ एसियन स्कूल कम्ब्याक्ट-२०२४ (तेक्वान्दो प्रतियोगिता)मा सहभागी हुने खेलाडीको बिदाइ गरिएको हो । मकवानपुरको हेटौंडा-१७ स्थित क्रियटिभ तेक्वान्दो डोजाङबाट अन्तर्राष्ट्रिय तेक्वान्दोमा सहभागी हुनका लागि आदित्य पराजुली, इच्छा विष्ट, दीपन सापकोटा र आदित्या ढकालसहित टिमकोचको रुपमा क्रियटिभ तेक्वान्दो डोजाङका सञ्चालक भोजराज पराजुली बंगलादेश प्रस्थान गरेका छन् ।

पराजुलीले केरोगी विधामा ४५ केजी तौल समूहबाट र पुम्से विधामा प्रतिस्पर्धा गर्नेछन् भने विष्टले पुम्से विधामा प्रतिस्पर्धा गर्नेछन् । यस्तै, सापकोटाले केरोगी विधामै ४५ केजी तौल समूहमा र ढकालले केरोगीको ४२ केजी तौल समूहबाट प्रतिस्पर्धा गर्नेछन् ।

करिब ३ महिनाअघि जुलाई १० तारिखदेखि १६ तारिखसम्म हुने भनिएको अन्तर्राष्ट्रिय प्रतियोगिता बंगलादेशमा भएको आन्तरिक राजनीतिक आन्दोलनको कारण स्थगित भएको खेलाडी आदित्य पराजुलीले जानकारी दिनुभएको छ । अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघको आयोजना र बंगलादेश स्कूल स्पोर्टस् फेडरेसनको सह-आयोजनामा साउथ एसियन स्कूल फेडरेसन र बंगलादेश किरारा सिखा प्रतिष्ठानको सहकार्यमा प्रतियोगिता हुन लागेको उहाँले बताउनुभयो ।

प्रतियोगितामा नेपालसहित दक्षिण एसियाका सबै देशका महिला तथा पुरुष खेलाडीहरुको सहभागिता रहने उहाँले बताउनुभयो । प्रतियोगितामा १५ वर्षदेखि १८ वर्षसम्मका खेलाडीहरुको सहभागिता रहने उहाँले जानकारी दिनुभयो ।

खेलाडीहरुले ३ चरणको विभिन्न खेलमा सहभागी भएर बंगलादेशको अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि छनोट भएको उहाँले बताउनुभयो । हेटौंडा-१६, हटियामा गतवर्ष भएको पहिलो संस्करणको राष्ट्रिय खुला तेक्वान्दो, काठमाडौंमा भएको चन्द्रागिरी तेक्वान्दो प्रतियोगिता र लुम्बिनी प्रदेशमा भएको राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा सहभागी हुँदै बंगलादेशको अन्तर्राष्ट्रिय तेक्वान्दोमा छनोट हुन सफल भएको उहाँले बताउनुभएको हो । प्रतियोगिताको मिति सरेको कारण अझ बढी प्रशिक्षण लिन पाएकाले सहज भएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा सहभागी हुने खेलाडीहरु करिब १ वर्ष पहिलादेखि नै प्रशिक्षण लिँदै आइरहेको उहाँले बताउनुभयो । क्रियटिभ तेक्वान्दो डोजाङका सञ्चालक भोजराज पराजुलीले बिहान र बेलुकी २/२ घण्टाको प्रशिक्षण दिने गरेको बताउनुभयो । राष्ट्रिय तेक्वान्दो संघ जिल्ला कार्यसमिति मकवानपुरबाट छनोट भएका खेलाडीलाई प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट केन्द्रीयस्तरसम्मको प्रतियोगितामा सहभागी गराएको उहाँले बताउनुभयो । खेलाडी पराजुली विगत ७ वर्षदेखि क्रियटिभ डोजाङबाट तेक्वान्दो खेलमा आवद्ध रहेका छन् भने सापकोटा विगत ४ वर्षदेखि तेक्वान्दो खेलमा आवद्ध छन् । प्रतियोगितामा मकवानपुरसहित अन्य विभिन्न प्रदेशका महिला तथा पुरुष खेलाडीहरुको सहभागिता रहने उहाँले बताउनुभयो ।

छिमेकी मुलुक भारत, बंगलादेश, श्रीलंका र नेपालको सहभागिता रहेको तेस्रो र चौथो चरणको अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा सहभागी हुन सफल भएका पराजुली र विष्टले स्वर्ण पदक जितेको थिए । यस्तै, ढकालले रजत पदक र सापकोटाले कास्य पदक प्राप्त गर्न सफल भएको उहाँले बताउनुभयो । पराजुली गत वर्षको तेक्वान्दोतर्फ पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट जिल्ला हुँदै प्रदेशस्तरीय प्रतियोगितामा समेत सहभागी भएको उहाँले बताउनुभयो । प्रदेशस्तरीय प्रतियोगिता पुम्से विधाबाट प्रतिस्पर्धा गरेको उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी हुने खेलाडीहरुका लागि हेटौंडा उपमहानगरपालिकाले एक लाख रुपैयाँ बजेट छुट्याएको पराजुलीले बताउनुभयो ।

आफ्नो डोजाङका खेलाडीहरुलाई यस्तो प्रकारको प्रतियोगितामा सहभागी गराउन पाउँदा प्रशिक्षक पराजुलीले खुशी व्यक्त गर्नुभएको छ । टिमकोचको रुपमा आफूले खेलाडीहरुलाई सहज वातावरण सिर्जना गर्ने उहाँले बताउनुभयो । डोजाङले विगत ११ वर्षदेखि तेक्वान्दो प्रशिक्षण दिँदै आएको छ ।

नेपालको प्रतिनिधित्व गरेर अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुने क्रममा सरकारले सहयोग नगरेको र आफैँले खर्च व्यहोर्नुपरेको प्रशिक्षक पराजुलीको भनाइ छ । खेलाडीहरुका लागि सरकारले केही गरेमा सजिलैसँग विभिन्न प्रतियोगितामा सहभागी हुन पाउने उहाँले बताउनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले स्वर्ण, रजत र कास्यपदक प्राप्त गर्नेछन् ।

# बन्द गरियो कुलेखानी जलाशयको बाँधका ढोका

समाज संवाददाता

हेटौँडाः कुलेखानी जलाशयको बाँधका दुवै ढोका बन्द गरिएको छ । जलाशयमा पानीको सतह स्थिर बनेपछि शनिबार रातिबाट बाँधका दुवै ढोका बन्द गरिएको हो ।

कुलेखानी प्रथम जलविद्युत आयोजनाका प्रमुख तारादत्त भट्टका अनुसार कुलेखानीमा हाल १ हजार ५२८ मिटर पानीको सतह मापन गरिएको छ । पानीको सतह बढ्ने दर कम भएपछि बाँधका ढोकाहरु बन्द गरिएको उहाँले जानकारी दिनुभएको छ । अविरल वर्षाका कारण कुलेखानी जलाशय भरिएपछि शनिबार बिहान ५ बजेबाट बाँधका २ वटा ढोका खोलिएको थियो । ढोका खोलेर जलाशयको पानी निकाशा गरेको १२ घण्टापछि दुबै ढोका बन्द गरिएको हो ।

हाल कुलेखानीमा प्रतिघण्टा ३ सेन्टीमिटर प्रतिघण्टाका दरले पानीको सतह बढिरहेको आयोजना प्रमुख भट्टले बताउनुभयो । कुलेखानीका ३ वटै विद्युत गृहबाट विद्युत उत्पादन गरेर जलाशयमा पानीको सतह बढ्न नदिएको भट्टको भनाइ छ । शनिबार साँझ १० सेन्टिमिटर प्रतिघण्टाको दरले बढेको कुलेखानी जलाशय हाल वृद्धि दर घटिरहेको छ । नेपाल विद्युत प्राधिकरणको 'पावर ब्याकअप' मानिने कुलेखानी जलाशयबाट ६० मेगावाट कुलेखानी प्रथम, ३२ मेगावाट कुलेखानी दोस्रो र १४ मेगावाट कुलेखानी तेस्रो जलविद्युत आयोजना संचालनमा रहेको छ ।

"अहिले ३ वटै आयोजनाहरु नियमित चलाइएको छ । पानीको सतह बढी हुँदा नियमित गर्ने योजना नै थियो । तर, अहिले तामाकोशी जस्ता ठुला आयोजनाको विद्युत उत्पादन बन्द हुँदा कुलेखानी नियमित चलाउनु परेको छ । हाल जलाशयमा पानीको सतह ३ सेन्टिमिटर प्रतिघण्टाको दरले बढेरहेको छ । वर्षा रोकिएको र आयोजना संचालनबाट जलाशयमा पानीको सतह वृद्धिदर कम भएकाले बाँधका ढोका बन्द गरिएको हो", उहाँले भन्नुभयो ।

शनिबार बिहान कुलेखानी जलाशय भरिएर १ हजार ५३१ मिटर पुगेरको थियो । कुलेखानीमा १ हजार ५३० मिटर मात्र पानी संकलन गर्ने क्षमता रहेको छ । क्षमता भन्दा बढी पानी भरिएपछि जलाशय स्वतः ओभरफ्लो हुने गर्दछ । ओभर फ्लो भएपछि कुलेखानी जलाशयको २ वटा बाँध शनिबार दिनभर ४ मिटरसम्म खोलिएको थियो ।

## हेटौँडामा अलपत्र परेकालाई निशूल्क खाने बस्ने व्यवस्था

समाज संवाददाता

हेटौंडाः वर्षासँगै बाढी, पहिरोका कारण अलपत्र परेका यात्रुलाई हेटौँडामा निशूल्क खाने, बस्ने व्यवस्था गरिएको छ । स्थानीय प्रशासनको प्रस्तावमा मकवानपुर उद्योग वाणिज्य संघले अलपत्र परेको यात्रुलाई खाने, बस्ने व्यवस्थाको जिम्मेवारी लिएको हो । आइतबार दिउँसो एक सूचना जारी गर्दै संघले अलपत्र यात्रुलाई खाने, बस्ने व्यवस्था मिलाइएको जानकारी गराएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघका कार्यकारी निर्देशक सुजन सुवेदीका अनुसार संघका अध्यक्ष कृष्णकुमार गुप्ता, प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल र प्रहरी प्रमुख सिताराम रिजालबीच छलफलपछि अपलपत्र यात्रुको व्यवस्थापन सम्बन्धी योजना तयार पारिएको हो । हेटौँडा बाहिर जिल्लाका कुनै ठाउँमा समस्यामा परेको भए पनि हेटौँडा आइपुगेपछि खाने, बस्ने व्यवस्था गरिने कार्यकारी सुवेदीको भनाइ छ ।

## प्रदेश प्रमुखको अनुरोध
# उद्दारमा सुत्केरी, बालबालिका र ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रमुख दीपक प्रसाद देवकोटाले सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरुलाई उद्दारमा विशेष प्राथमिकता दिन अनुरोध गर्नुभएको छ । आइतबार एक विज्ञप्ति जारी गर्नुहुँदै विपद् प्रभावितहरुलाई तत्काल उद्दार, राहत तथा स्वास्थ्य सेवा प्रदानमा यि वर्गलाई विशेष प्राथमिकता राख्न अनुरोध गर्नुभएको हो ।

वर्षाका कारण प्रदेशभित्रका जिल्लाहरुमा क्षति पुर्‍याएको उल्लेख गर्नुहुँदै उहाँले उच्च सतर्कता अपनाउन आग्रह गर्नुभएको छ । विपद् प्रभावितहरुलाई तत्काल उद्दार, राहत तथा स्वास्थ्य सेवा प्रदान गर्न बागमती प्रदेश सरकार र मातहतका सम्बन्धित सबै स्थानीय तहहरूले आपतकालीन स्वास्थ्य टोली तयार राख्न, औषधी र आवश्यक सामग्रीको भण्डार सुनिश्चित गर्न, अस्पतालहरूमा वैकल्पिक शैय्याको व्यवस्था गर्न, तथा पीडित प्रभावितहरूको उपचारका लागि थप शैय्याहरू उपलब्ध गराउन विशेष पहल गर्नु जरुरी रहेको उहाँले बताउनुभयो । प्रदेश प्रमुख देवकोटाले वर्षा रोकिएपछि पनि हुनसक्ने भूक्षय र पहिरोबाट उच्च सतर्कता अपनाउन र सुरक्षित स्थानमा बस्न अनुरोध गर्नुभएको छ ।







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ